१०३. साविकमा निर्माण सुरू भई अधुरो रहेका जलविद्युत आयोजनाहरुलाई आवश्यकता तथा दीगोपनाको आधारमा पूर्णता प्रदान गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

## सूचना तथा सञ्चार प्रविधि

१०४. डिजिटल चिचिला गाउँपालिकाको अभियानलाई सूचना प्रविधि मैत्री बनाउन प्रत्येक वडाहरुमा इन्टरनेट सेवा जडान गरिनेछ।

१०५. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सेवाहरु, रेडियो, टेलिभिजन प्रसारणको व्यापक पहुँच एवम् विस्तार सुनिश्चित गर्न कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ।

१०६. विकास एवम् सार्वजनिक सेवा प्रवाह सम्बन्धी चुनौति सामना गर्न सूचना तथा प्रविधिमा आधारित नवीनतम तथा मौलिक प्रयोग (Innovative Use) प्रवर्द्धन गर्न विशेष कार्यक्रम लागु गरिनेछ।

१०७. चिचिला गाउँपालिकामा सर्भरको विकासका लागि सम्भाव्यता अध्ययन गरी यथासक्य प्रयोगमा ल्याइनेछ।

१०८. शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ।

१०९. निजी क्षेत्र समेतको सहभागितामा Group SMS, IPT Software, मोबाइल एप, गाउँपालिकाको आधिकारी वेवसाईट सञ्चालनमा आईरहेको र भावीका दिनहरुमा आवश्यक पर्ने सफ्टवेयरहरुको निर्माण गरी कार्यालयमा सञ्चालनमा ल्याई भर्चुअल (Virtual) चिचिला गाउँपालिका बनाईनेछ।

११०. कार्यालय कामकाजमा प्रयोग गरिदैं आएका ASCII फन्टहरु (जस्तैः कान्तिपुर, प्रिति, प्रतिमा ईत्यादी) लाई पूर्ण रुपमा विस्थापित गरी नेपाली युनिकोड अनिवार्य रुपमा लागु गरि सकिएको छ । जसलाई निरन्तरता दिने र हस्तलिखित दस्तावेजहरुको स्थानमा कम्प्युटराइज्ड कागजातहरुको मात्र प्रयोग गरिनेछ।

११७. गाउँपालिकाबाट सञ्चालित खानेपानी आयोजनाहरुको अपनत्व बोध गराउन उपभोक्ताहरुको लागत सहभागिता सुनिश्चित गरिनुका साथै मर्मत सम्भार समितिलाई क्रियाशिल गराइनेछ ।

## सार्वजनिक सहकारी निजी साझेदारी

११८. चिचिला गाउँपालिकाले आ.व. २०७७/०७८ मा विभिन्न विषयक्षेत्रगत कार्यक्रमहरु सञ्चालन गर्दा सहकारी र निजी क्षेत्रसँग साझेदारी गर्न सक्नेछ । यसका लागि चिचिला गाउँपालिकाले एक समपूरक कोष खडा गर्नेछ ।

## भवन तथा भवन संहिता

११९. चिचिला गाउँपालिकामा नयाँ निर्माण हुने भवनहरु भवन आचार संहिता मापदण्ड पुरा गरी गाउँपालिकाबाट अनुमति लिएर निर्माण गर्नु पर्नेछ । अन्यथा चिचिला गाउँपालिकाबाट उपलब्ध गराइने भवन पूर्वाधार सम्बन्धी सेवा सुविधाबाट बञ्चित गराइनेछ ।

१२०. चिचिला गाउँपालिकामा स्वच्छ, हराभरा, स्वस्थ्य तथा दीगो शहरी विकासको लागि भवन निर्माण मापदण्ड लागु गरिनेछ ।

१२१. विकसित मुलुकमा अपनाइएको भवन संहिता समेतको अनुसरण गरी इन्टरनेशनल स्टेट अफ आर्टमा आधारित हुने गरी बनाइने अत्याधुनिक भवनहरुको निर्माण संहिताको नीतिगत आधार तय गरिनेछ ।

१२२. नयाँ भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी र काठको मात्रा कम हुने गरी लागत अनुमान (Design estimate) तयार गरिनेछ ।

१२३. भू-कम्पको जोखिमलाई मध्यनजर गरी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वस्ती विकास सहरी योजना तथा भवन

